राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहबी, सुनसरी
स्था: २०७३

# दुहबी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुहबी, सुनसरी

## कोसी प्रदेश

सुचना नं.

सिलबन्दी दरभाउपत्र नं. DM/SQ/Goods/2079/80-33

सुचना प्रकाशित मिति २०८०/०१/०७

**आ.ब. : २०७९/०८०**

सेनिटरी प्याड खरिद सम्बन्धी

# सिलबन्दी दरभाउपत्र फारम

दरभाउपत्र खरिद गर्ने फर्म/सप्लायर्सको नाम र ठेगाना :

श्री =====================================================

=====================================================================

## विषय सूची :

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहवी, सुनसरी


१. निवेदन........................................................................................ १

२. घोषणा पत्र.................................................................................. २

३. सिलबन्दी दरभाउपत्र आव्हानको सूचना.................................................. ३

४. दरभाउपत्र दातालाई निर्देशन

क. प्राविधिक प्रस्तावना..................................................................... ५

ख. प्राविधिक मुल्याङ्कनको सारांश.......................................................... ६

५. दरभाउपत्र फारम भर्दा अपनाउनु पर्ने आर्थिक प्रस्तावनाका शर्तहरू

क. आर्थिक प्रस्तावना........................................................................ ८

ख. आर्थिक मुल्याङ्कनको सारांश............................................................ ९

६. सम्झौताका सामान्य शर्तहरू...................................................................... १०

७. सम्झौताका विशेष शर्तहरू...................................................................... १२

८. आपुर्ति गर्नुपर्ने सेनिटरी प्याड............................................................... १३

९. कबुलियतनामा.................................................................................. १५

१०. सम्झौता पत्र.................................................................................. १६

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी स्था: २०७२

रु.१० को टिकट

श्रीमान् प्रमुख ज्यु,
दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी

विषय : दरभाउपत्र पेश गरेको सम्बन्धमा ।

महोदय
प्रस्तुत विषयमा आ.व. २०७९/०८० को लागि तहा कार्यालयबाट मिति २०८०/०१/०७ गते प्रकाशित भएको सेनिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउमत्र आव्हानको सुचना बमोजिम रू १०/ को टिकट टासी यसै साथ सिलबन्दी गरी दरभाउपत्र पेश गरेको छु । हाम्रो दररेट यसै पत्र साथ संलग्न सिलबन्दी दरभाउपत्र फारममा उल्लेख गरिएको छ, हामी उल्लेखित सेनिटरी प्याडहरू यसै दरभाउपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही सप्लाई गर्नेछौ । धरौटी रकम रू............. अक्षरेपी.................................... यस नगरपालिकाको एन आइ सि एशिया बैंक दुहवी शाखामा रहेको खाता नं. १०८२०५८४९९३७८००५ मा जम्मा गरी त्यसको सक्कलै भौचर अथवा श्री............................ को च.नं./ग्यारेण्टी नं................. मिति ......................... को ग्यारेन्टी रू.............. अक्षरेपी.............................. को बैंक ग्यारेण्टी यसै साथ पेश गरिएको छ । हाम्रो सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित दररेटको म्याद...................................... सम्म कायम रहने छ । पेश गरिएको यो दरभाउपत्र पुरा वा आशिंक रूपमा स्वीकृत भएमा वा पुरै रद्द भएमा म/हामी लाई पुर्ण रूपमा स्वीकार्य हुनेछ ।

मेरो/हाम्रो विवरण निम्न बमोजिम छ :

फर्म/सप्लायर्सको नाम :
पुरा ठेगाना :
प्रो./प्रतिनिधिको नाम :
हस्ताक्षर :
मिति :
सर्म्पक फोन :
फयाक्स नं. :
फर्म/सप्लायर्सको छाप :

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहबी, सुनसरी
स्था: २०७२

## घोषणा पत्र

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (ङ) मा उल्लेख भएको प्रावधानको लागि दुहवी नगरपालिका नगरकार्यापालिकाको कार्यालय दुहवी, सुनसरीको सुचना नं. **DM/SQ/Goods/2079/80-33** को सेनिटरी प्याड खरिद सम्बन्धी कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएकोले खरिद कारबाहीमा भाग लिन नपाउने गरी अयोग्य नभएको भनी लिखित घोषणा गर्दछु । व्यहोरा सही सत्य हो, झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहुला बुझाउला ।

हस्ताक्षर :

मिति :

नाम :

(सम्बन्धित फर्म/कम्पनी/सप्लायर्स/आपुर्तिकर्ताको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति)

पद :

फर्म/कम्पनीको नाम :

फर्म/कम्पनीको छाप :

# दुहबी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

कोसी प्रदेश

**सेनिटरी प्याड खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**ठेक्का नं.DM/SQ/Goods/2079/080-33**

**प्रथम पटक प्रकाशित मितिः२०८०।०१।०७**

**यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७९।०८० मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क वितरणको लागि सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकोले योगयता पुगेका इच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनीवाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

१.इच्छुक खुला दरभाउपत्र दाताहरुले शिलबन्दी दरभाउपत्र दस्तुर वापत तपशिलमा उल्लेख भए बमोजिमको धरौटी रकम बुझाई आ.व.२०७८।७९ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व २०७८।७९ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयवाट सम्वन्धित फर्म, संस्था, सप्लायर्स वा कम्पनीको अधिकार प्राप्त प्रतिनिधिले यसै नगरपालिकाको कार्यालयवाट शिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातहरु खरिद गर्न सक्नेछन् ।

२ दरभाउपत्र फारम दस्तुर रु १००० (फिर्ता नहुने गरी) यस कार्यालयमा जम्मा गरी सक्कल नगदी रसिद आवश्यक कागजात साथ सम्लग्न गरी प्रथम पटक सूचना प्रकाशित भएका मितिले १५ औं दिन (२०८०।०१।२१) कार्यालय समयभित्र फारम खरिद गरी सक्नुपर्नेछ र खरिद भएका शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएका मितिले १६ औं दिन (२०८०।०१।२२) को ठिक १२:०० वजेभित्र खामबाहिर कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर, कामको विवरण र ठेक्काको क्षेत्र स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको ठिक २:०० वजे शिलवन्दी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु र कार्यालयका अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३.शिलवन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४.शिलवन्दी दरभाउपत्रसाथ फारम वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको एन आइ सि एशिया बैंक दुहवी शाखामा रहेको आन्तरिक राजस्व खाता नम्वर १०८२०५८४९९३७८०१७ मा जम्मा गरी सक्कलै बैंक भौचर अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

५.विल अफ क्वान्टिटि, स्पेशिफिकेशन समाविष्ट भएका शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातहरु यस कार्यालयवाट उपलब्ध गराइने छ । यो सूचना तथा शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्त बमोजिम प्राप्त नभएका शिलवन्दी दरभाउपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

६.शिलवन्दी दरभाउपत्र शर्त सहित भएको, केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समयभित्र प्राप्त नभएका, रित नपुगेका, सूचना शर्तहरु विपरित भएको बोलपत्र माथि कारवाहि हुने छैन ।

७.शिलवन्दी दरभाउपत्रसम्वन्धी कागजातहरुको प्रत्येक पानाँहरुमा शिलवन्दी दरभाउ पत्र दाताहरुले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ । शिलवन्दी दरभाउपत्र प्रत्येक आइटम दररेट (भ्याट वाहेकको) अङ्क र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसँग दस्तखत भएको हुनुपर्ने छ ।

८.एक फर्मको नाममा खरिद भएको शिलवन्दी दरभाउ पत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन।

९.नक्कली कागजात पेश गरी वा मिलेमति गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र रदद गरी कालो सूचीमा समावेश गर्न सम्वन्धित निकायमा शिफारिस गरिनेछ ।

१०.शिलवन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको स्व.घोषणापत्र अनिवार्य रुपमा शिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

११. शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२.यससम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र वा मोवाइल नं ९८४२६३८५५७, ९८४२३४१००७ मा सम्पर्क गर्न सकिनेछ ।

१३.यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ ।

१४.दरभाउपत्रदाताले बिड बण्ड बापतको रकम **रू.३५९२६।००** यस कार्यालयको एन आइ सि एशिया बैंक दुहवी शाखामा रहेको धरौटी खाता नं **१०८२०५८४९९३७८००५** मा दाखिला गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैकबाट कम्तिमा ९० दिनको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी वापतको रकम | दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | कैफियत |
|---|---|---|---|---|
| **<u>DM/SQ/Goods/2079/080-33</u>** | सेनिटरी प्याड खरिद | ३५९२६।०० | १०००।०० | |

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहवी, सुनसरी
स्था: २०७२

## दरभाउपत्रदाताहरूलाई निर्देशन (Instruction to Bidder)

क) प्राविधिक प्रस्तावना :

(१) दरभाउपत्रदाताले आ.ब. २०७८/०७९ का लागि नविकरण गरेको आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

(२) दरभाउपत्र फारममा दररेट भर्दा मुल्य अभिवृद्धि कर अथवा अन्य कर बाहेकको दररेट भरी पेश गर्नु पर्नेछ

(३) सेनिटरी प्याड यस कार्यालयसम्म आपुर्ति गर्दा कुनै शुल्क लाग्ने भएमा त्यस्तो शुल्क दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) दरभाउपत्र फारम भर्दा सेनिटरी प्याड जुन कार्यालयलाई उपलब्ध गराउने हो सोही कम्पनीको नाम, व्याच नं., सेनिटरी प्याड उत्पादन मिति, एक्सपायरी मिति र उत्पादक मुलुकको नाम प्रष्ट संग उल्लेख गर्नु पर्नेछ ।

(५) दरभाउपत्र फारम आशिंक रूपमा भर्न वा कुनै कुराहरूलाई सच्याउन पाइने छैन ।

(६) सेनिटरी प्याडहरू कार्यालयले तोकेको समय भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ, टुटफुट वा कुनै नोक्सानी भएका सेनिटरी प्याड कार्यालयलाई कुनै पनि हालतमा स्वीकार्य हुने छैन ।

(७) दरभाउपत्र साथ आफू कालो सूचीमा नपरेको खरिद कार्यवाहिमा भाग लिन अयोग्य नभएको भनी तयार पारेको घोषणा पत्र समेत पेश गर्नु पर्नेछ ।

(८) आफूले सप्लाई गर्ने सेनिटरी प्याडको गुणस्तर जांच पास गरेको प्रमाणपत्र यस कार्यालयलाई आवश्यक परेमा उपलब्ध गराउनु पर्नेछ ।

(९) सेनिटरी प्याड प्याकिङ गरी कार्यालयको स्टोर शाखामा बुझाउनु पर्नेछ ।

(१०) सम्झौता म्यादभित्र सामान दाखिला गर्न नसके प्रचलित ऐन नियम अनुसार जरिवाना लाग्नेछ ।

(११) कुनै शर्त राखी पेश गरिएको, म्याद नाघी प्राप्त हुन आएको र रित पुर्वक पेश नभएको बोलपत्र मान्य हुने छैन ।

(१२) दरभाउपत्र दाताले दरभाउपत्र स्वीकृत भएपछि नियमानुसार खरिद सम्झौत गर्नु पर्नेछ ।

(१३) दरभाउपत्र दाताले दरभाउपत्र फारमका प्रत्येक पानामा सहीछाप गरी फर्मको छाप समेत लगाउनु पर्नेछ ।

(१४) फोटोकपि वा स्क्यानिङ गरेर पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।

(१५) सिलबन्दी दरभाउपत्र खाम भित्र अनावश्यक कुनै किसिमको कागजात वा अन्य कुनै सामान राखेमा पाइने छैन ।

(१६) सिलबन्दी खाम बाहिर सेनिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र फारम भनी उल्लेख गर्नु पर्नेछ ।

(१७) सूचनामा छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक नियमालवली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
स्था: २०६३

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

(ख) प्राविधिक प्रस्तावना

(दरभाउपत्रदाताहरूले अनिवार्य रूपमा गर्नु पर्ने)

(१) फर्म/कम्पनी दर्ता प्रमाण पत्र संलग्न भए/नभएको ? र आ.ब. २०७९/०८० को लागि नवीकरण भए/नभएको ? (उल्लेख गर्ने)......................................................................

जारी मिति तथा नविकरण गरिएको अवधि : (उल्लेख गर्ने)

(२) सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र संलग्न राखे नराखेको ? (उल्लेख गर्ने) ......................................................................

(३) मु.अ. करमा दर्ता भएको प्रमाणपत्र संलग्न भए/ नभएको ? (उल्लेख गर्ने) ..............................

जारी मिति तथा नवीकरण गरिएको अवधि : ? (उल्लेख गर्ने) ..................................

(४) स्थायी लेखा नं. प्रमाणपत्र संलग्न भए/नभएको ? (उल्लेख गर्ने) .........................................

जारी मिति तथा नविकरण गरिएको अवधि : ? (उल्लेख गर्ने) ..............................................

(५) कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात भए/नभएको ? (उल्लेख गर्ने) ...................

(६) दरभाउपत्रमा माग भए बमोजिमको दरभाउपत्रदाताको अधिकार प्राप्त प्रतिनिधि वा स्थानीय एजेन्टलाई दिएको अख्तियारनामाको कागजात पेश भए/नभएको ? (उल्लेख गर्ने) ......................................................................

(७) आपुर्ति हुने सेनिटरी प्याड स्पेशिफिकेशन बमोजिम भए/नभएको ? (उल्लेख गर्ने) ......................................................................

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

(८) खरिद कार्यबाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसायिक कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेका कागजात पेश गरे/नगरेको ? (उल्लेख गर्ने) ..................................................................................................................................

(९) कुनै पनि सरकारी निकायको कालो सूचीमा परे/नपरेको ? (उल्लेख गर्ने) ..................................

(१०) दरभाउपत्रदाता व्यक्तिगत रूपमा वा संयुक्त उपक्रमको साझेदारीको रूपमा १ भन्दा बढी दरभाउपत्र मा संलग्न भए/नभएको ? (उल्लेखगर्ने)..................................................................................

(११) सम्बन्धित दरभाउपत्रदाताको नाममा जारी भएको Importer Lincence पेश भए/नभएको ? (उल्लेख गर्ने)..................................................................................................................................

यदि छैन भने सम्बन्धित Importer ले Import गरिदिन मन्जुरी दिएको पत्र पेश भए/नभएको ? (उल्लेख गर्ने)..................................................................................................................................

(१२) आपुर्ति गरिने सामानका Expiry Period माग बमोजिम छ/छैन ? (उल्लेख गर्ने)..................................................................................................................................

(१३) Delivery Period दरभाउपत्रमा माग गरिए बमोजिम मन्जुर छ/छैन ? (उल्लेख गर्ने)..................................................................................................................................

(१४) आपुर्ति गरिने सामनको नमुना सिलबन्दी गरी दरभाउ पत्र साथ पेश गरेको छ/छैन ? (उल्लेख गर्ने)..................................................................................................................................

कार्टुन सख्या पोका सख्या

(यसमा उल्लेखित कागजातहरू सिलबन्दी दरभाउपत्र साथ संलग्न हुनु पर्नेछ ।)

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहवी, सुनसरी
स्था: २०७३

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र फारम भर्दा अपनाउनु पर्ने आर्थिक प्रस्तावनाका शर्तहरू

क) आर्थिक प्रस्तावना :

(१) सूचनामा उल्लेख भए बमोजिम दरभाउपत्रदाताले बिड बण्ड बापतको रकम रू.३५९२६।०० यस कार्यालयको एन आइ सि एशिया बैंक दुहवी शाखामा रहेको धरौटी खाता नं १०८२०५८४९९३७८००५ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट कम्तिमा ९० दिनको ( दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । साथै दरभाउपत्र स्वीकृत भई सम्झैता सम्बन्धी कार्य सम्पन्न भएपछि मात्र धरौटी वा बिडवण्डलाई नियमानुसार फिर्ता गरिनेछ ।

(२) दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्रमा दरभाउपत्रदाताले लागत अनुमानको १५ (पन्ध्र) प्रतिशत सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ (पांच) प्रतिशतले हुन आउने रकम र लागत अनुमानको १५ (पन्ध्र) प्रतिशत भन्दा बढि घटेर कबुल गरेको अवस्थामा १५ (पन्ध्र) प्रतिशत भन्दा जति रकमले घटि कबुल गरेको छ सोको ५० (पचास) प्रतिशतले हुन आउने रकम कबुल अंकको ५ ( पांच) प्रतिशतमा थप गरि यस कार्यालयको एन आइ सि एशिया बैंक दुहवी शाखामा रहेको धरौटी खाता नं. १०८२०५८४९९३७८००५ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड (सप्लाई गर्ने सामानको Warranty Period समेत समेट्ने गरीको अवधि साथै ग्यारेन्टी) साथ सम्झौत गर्न आउनु पर्नेछ । यसरी म्याद भित्र सम्झौता गर्न नआएमा नगद जमानत वा बिडबण्ड सार्वजनिक खरिद नियमावलि २०६४ अनुसार जफत गरिनेछ ।

(३) प्राप्त हुन आएका सेनिटरी प्याड भुक्तानी प्रकृया निम्नानुसारको हुनेछ ।

क) दरभाउपत्रदाताकहरूको लागि भुक्तानी रकम सामान बुझाएको विल तथा दाखिला रिर्पोटको आधारमा दुहवी नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट बैंक मार्फत हुनेछ तर समयमा बजेट निकासा प्राप्त नभएमा वा कुनै कारणबश समयमै भुक्तानी हुन नसकेमा सो वापत कुनै किसिमको थप रकमको दावी गर्न पाइने छैन ।

ख) भुक्तानी गर्दा भुक्तानी रकमको नेपाल सरकारबाट तोकिए बमोजिमको अग्रिम करकट्टी गरी भुक्तानी हुनेछ ।

(४) सम्पुर्ण करहरू दरभाउपत्रदाताले नै व्यहोनु पर्नेछ । कुनै पनि करवापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट भुक्तानी हुने छैन ।

राजकुमार
प्रमुख प्रशासकीय अधिकृत

(५) दरभाउपत्र साथ संलग्न शर्तमा उल्लेख भएका कुराहरूको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरूको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ साथै यस सम्बन्धी (गुगल स्थानीय दैनिक) पत्रिकामा प्रकाशित सुचना पनि यसै दरभाउपत्र अभिन्न अंग मानिनेछ ।

दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहबी, सुनसरी स्था: २०७२

(ख) अर्थिक मूल्याङ्कनका पक्षहरूको सारांश (दरभाउपत्रदाताहरूले अनिवार्य रूपमा गर्नु पर्ने)

(१) धरौटी/बैंक जमानत संलग्न भए/नभएको ? (बैंकको नाम र ठेगाना समेत उल्लेख गर्ने)........................
........................................................................................................................
........................................................................................................................

(२) बैंक जमानत भए रकम तथा अवधि उल्लेख गर्ने..............................................................
........................................................................................................................

(३) दरभाउपत्र फाराममा उल्लेख गरेको भुक्तानीको प्रकृया आफुलाई पुर्ण रूपमा ठिक लागे वा नलागेको ? उल्लेख गर्ने...............................................................................................................
........................................................................................................................

(४) दरभाउपत्र फाराममा उल्लेख गरेको बिडबण्ड तथा परफरमेन्स बण्ड फुकुवा सम्बन्धी प्रक्रिया आफुलाई पूर्ण मान्य छ/छैन ? .....................................................................................................
........................................................................................................................

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहबी, सुनसरी
स्था: २०७२

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

## सम्झौताका सामान्य शर्तहरू (General Conditions of Contract)

१. परिभाषाहरू :

१.१ यो सम्झौतामा निम्न शब्दहरू र अभिव्यक्तिको निम्न प्रकारको अर्थ लाग्ने छ ।

(क) "सम्झौता" भन्नाले खरिदकर्ता र आपुर्तिकर्ता बीच भएको संझौता भन्ने बुझिन्छ जुन हस्ताक्षर भएको सम्झौता फाराममा लिपिबद्ध भएको हुन्छ । यसमा संलग्न परिशिष्ट अन्य र त्यसमा नाम दर्शाइएको दस्तावेज समेत समावेश गरिएको सम्झनु पर्दछ ।

(ख) "सम्झौता रकम" भन्नाले ठेक्काको शर्त अनुसार ठेक्काको दायित्व पूर्ण रूपले उचित तरिकाबाट सम्पन्न गरे वापत आपुर्तिकर्ताले भुक्तानी पाउनु पर्ने रकमलाई जनाउछ ।

(ग) "मालसामान" भन्नाले ठेक्काको शर्त अनुसार आपुर्तिकर्ताले खरिदकर्तालाई उपलब्ध गराउने सेनिटरी प्याड तथा अन्य मालसामानलाई समेत जनाउछ ।

(घ) "खरिदकर्ता" भन्नाले ठेक्का सम्झौता अनुसार मालसामान खरिद गर्ने संस्थालाई जनाउछ ।

(ङ) "आपुर्तिकर्ता" भन्नाले यस ठेक्का अन्तर्गत मालसामान आपुर्ति गर्ने संस्थालाई जनाउछ ।

२. स्पेशिफिकेशनहरू :

२.१ यस सम्झौता अनुसार आपुर्ति गरिने मालसामानहरू स्पेशिफिकेशनहरूमा तोकिए बमोजिमको मापदण्ड संग मेल खाने हुनु पर्दछ । नभएमा त्यस्ता सेनिटरी प्याडको भुक्तानी दिइने छैन ।

३. निरीक्षण र परीक्षणहरू :

३.१ खरिदकर्ता वा निजको प्रतिनिधिले आफ्नो हाता भित्र ल्याइपुर्‍याइएको मालसामानहरू प्राविधिक स्पेशिफिकेशन र कार्यसम्पादनको गुणस्तर बमोजिम छ कि छैन भनेर निरीक्षण तथा परीक्षण गर्न पाउनेछ ।

४. प्याकिङ :

४.१ सम्झौतामा उल्लेख गरिए अनुसारका सामग्री आपुर्तिकर्ताले यस कार्यालयको प्याकिङ गरी यस कार्यालयको स्टोर शाखामा बुझाउनु पर्नेछ ।

४.२ त्यस्तो प्याकिङ मालसामान ओसार पसार गर्दा वा खुला भण्डार शाखामा यथेष्ट रूपमा विना कुनै अपवाद रफ ह्यान्डलिङ, तापक्रम, लवण र वर्षामा खुला रहदा समेत पर्याप्त सुरक्षित हुनुपर्दछ ।

५. वारेन्टी :

५.१ आपुर्तिकर्ताले सम्झौता अनुसार उपलब्ध गराउने सम्पुर्ण मालसामानहरू सम्झौताको स्पेसिफिकेशन अनुसार भएको र कुनै त्रुटी नरहेको विश्वास दिलाउनु पर्नेछ ।

५.२ ठेक्कामा उल्लेख भए बमोजिम मालसामान तोकिएको ठांउमा पुगि Expiry / Warranty Period को अवधि सम्म त्यस्तो वारेन्टी मान्य रहनु पर्नेछ । उक्त सेनिटरी प्याड स्टोरमा दाखिला हुदा Manufacturing Date बाट Expairy Date कम्तिमा १८ महिना बाकी रहेको हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएको सामान कुनै हालतमा बुझिलिइने छैन ।

५.३ त्यस्तो वारेन्टी अनुसार कुनै पनि कुराको दावी गर्नु परेमा खरिदकर्ताले आपुर्तिलाई तुरून्त लिखित सूचना दिनु पर्दछ ।

५.४ आपुर्तिकर्ताले यस्तो सूचना प्राप्त गरेपछि मनासिव समय भित्रै त्रुटिपुर्ण सामानहरू खरिद कर्तालाई खर्चको भार नपर्ने गरी बदलिदिनु पर्नेछ । आपुर्तिकर्ताले आफनै खर्चमा र जोखिममा त्रुटीपुर्ण सामन हटाउनु पर्नेछ

६. भुक्तानी :

६.१ दरभाउपत्रदाताहरूले भूक्तानी रकम सामान बुझेको बील तथा दाखिला रिर्पोटको आधारमा दुहवी नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट भ्याट बाहेकको विल रकममा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गरी हुनेछ ।

७. मूल्य :

७.१ ठेक्का सम्झौता अनुसार उपलब्ध गराएको मालसामान वापत दावी गरेको मूल्य सिलबन्दी दरभाउपत्रमा आपुर्तिकर्ताले उल्लेख गरेको मूल्यभन्दा फरक गर्न पाइने छैन ।

८. विवादहरू समाधान गर्ने :

८.१ ठेक्का कार्यान्वयनको सिलसिलामा खरिदकर्ता र आपुर्तिकर्ताको बीचमा उत्पन्न कुनै पनि समझदारी अथवा विवादको द्विपक्षीय सहमति द्धारा समाधान गर्ने प्रयास गर्नु पर्नेछ ।

८.२ यदि खरिदकर्ता र आपुर्तिकर्ता विच कथंकदाचित कुरा मिलेन भने नेपाल सरकारको नियम कानुन अनुसार हुनेछ ।

९. आधिकारिक भाषा :

९.१ नेपाली भाषा आधिकारिक भाषा हुनेछ ।

१०. प्रचलित कानुन :

१०.१ नेपालका कानुनलाई नै प्रचलित कानुन मानिनेछ ।

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
दुहबी, सुनसरी
स्था: २०७२

राजकुमार के.
प्रमुख प्रशासकीय अधिकृत

११. सुचनाहरू :

११.१ खरिदकर्ताको पत्राचार गर्ने ठेगाना ।

११.२ आपुर्तिकर्ताको पत्राचार गर्ने ठेगाना ।

१२. आधिकारिक भाषा :

१२.१ नेपाल सरकारले लगाएको सम्पुर्ण कर, शूल्क, लाईसेन्स फि तथा अन्य लाग्ने जुनसुकै शुल्कहरू समेत आपुर्तिकर्ताले नै व्यहोर्नु पर्नेछ ।

<u>सम्झौताका विशेष शर्तहरू</u>

१. परिभाषाहरू

१.१ क) खरिदकर्ता : दुहवी नगरपालिका नगरकार्यपालिकाको कार्यालय दुहवी, सुनसरी
ख) आपुर्तिकर्ता :

२. स्पेसिफिकेशनहरू

२.१ यस सम्झौता अनुसार आपुर्ति गरिने मालसामानहरू प्राविधिक स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको हुनु पर्नेछ ।

३. कार्य सम्पादन जमानत

३.१ सम्झौताको सामान्य शर्तहरूमा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

४. निरीक्षण र परीक्षणहरू

४.१ खरिदकर्ता वा निजको प्रतिनिधिले आफ्नो हाता भित्र ल्याई पुप्याइएको मालसामानहरू प्राविधिक स्पेसिफिकेशन र कार्यसम्पादनको गुणस्तर बमोजिम छ कि छैन भनेर निरीक्षण तथा परिक्षण गर्न पाउने छ । परिक्षण गर्नु पर्ने अवस्था भएमा आवश्यक पर्ने सम्पुर्ण कागजातहरू आपुर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ साथै परिक्षण वापतको सर्म्पुण खर्च आपुर्तिकर्ताले व्यहोर्नु पर्नेछ ।

५. प्याकिङ

५.१ सम्झौताको सामान्य शर्तहरूमा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

५.२ सप्लाई हुने सेनिटरी प्याड प्रत्येक प्याकिङको वाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नं.स्पष्ट लेखिएको हुनु पर्नेछ ।

६. मालसामान पुप्याउने काम

६.१ आपुर्तिकर्ताले दुहवी नगरपालिका दुहवीमा आफ्नै खर्चमा मालसामान डेलिभरि दिनु पर्नेछ । मालसामान यस कार्यालयसम्म आइपुग्दा कुनै टुटफुट भई नोक्सानी भएमा कार्यालय जिम्मेवार हुने छैन । नोक्सानी वा टुटफुट भएका मालसामान कार्यालयले कुनै हालतमा बुझ्ने छैन उक्त मालसामान आपुर्तिकर्ताले नै सोधभर्ना गरी यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । सो वापत कुनै किसिमको रकमको दावी गर्न पाइने छैन ।

७. वारेन्टी र एक्सपायरी मिति

७.१ खरिद हुने सेनिटरी प्याडको म्यादको सम्बन्धमा Manufacturing Date बाट Expairy Date कम्तिमा १८ महिना बांकी हुंदा स्टोरमा दाखिला हुनु पर्नेछ र १८ महिना Expairy Date हुने र ७५ प्रतिशत प्रयोग गर्ने अवधि बांकी रहेको हुनु पर्नेछ । सोभन्दा घटी म्याद भएको सेनिटरी प्याड कुनै पनि हालतमा बुझिलिइने छैन ।

८. भुक्तानी

राजकुमार
प्रमुख प्रशासकीय अधिकृत

८.१ बोलपत्रदाताहरूलाई मालसामानको भुक्तानी निम्न अनुसार गरिने छ ।

क) माल सामन प्राप्त भएपछि सम्झौता अनुसारको सामान सम्बन्धित स्टोरमा प्राप्त भई नियमानुसार स्टोर दाखिला भएपछि स्टोरमा सामान बुझाएको इन्भ्वाइस तथा दाखिला रिर्पोट आदि कागजात पेश गरेपछि दुहवी नगरपालिका दुहवीको आर्थिक प्रशासन शाखाबाट भुक्तानी हुनेछ ।

ख) कुल बील रकम भुक्तानी दिदा नियमानुसार लाग्ने सम्पुर्ण कर कट्टी गरी भुक्तानी गरिने छ ।

९. मुल्य

९.१ सम्झौताका सामान्य शर्तहरूमा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

आपूर्ति गर्नुपर्ने सेनिटरी प्याड

| सि.न | सामानको नाम | स्पेसिफिकेशन | इकाइ | परिमाण | दर (मु.अ.कर बाहेक) | | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| १. | सेनिटरी प्याड (प्रति प्याक ८ थान) | 1. Type and Physical Finishing : Regular with sing, napkin with uniform thickness throughout without any wrinkles and distortion. The sanitary napkins shall have a soft feel and when worn shall not chafe or give any uncomfortable feeling. They shall be free from all sorts of foreign matter.<br>2. Raw Material Permitted : a. Absorbent filter: plant-based raw material such as wood pulp, cellulose pulp, bamboo fiber, banana fiber and corn which have natural sterilization effects, tissue paper, pure cotton, shall be free from lumps, oil spots, dirt or foreign material. b. Covering: The covering of the absorbent filter shall be of a good quality cotton of rayon knitted sleeving, gauze of non-woven fabric with sufficient porosity to permit the assembled pad to meet absorbency requierments.<br>3. Size : Size including minimum (240+20 mm length and 60 to 75 mm width, thickness 15mm+-2 mm.<br>4. Absorbency : the sanitary pad shall absorb at least 30 ml of colored distilled water and it shall not show leakage at the bottom of sides of the sanitary napkin.<br>5. Disposabillity : Disposable pad with the covering revering removed, shall be immersed in 15 liters of water and stirred. The pad shall disintegrate in the water in not more than 5 minutes. | प्याक | १९,००० | | | |

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | 6. Colour : The product shall be white in colour and shall be almost odourless. | | | | | |
| | | 7. PH Value : Free from acid and alkali, pH of absorbent material shall be 6-8.5 (tested as per the method given in indian standard 1390). | | | | | |
| | | 8. Hygiene testing requirement : Total viable count (total number of bacteria and fungi) shall be not more than 1000 cfu/gm and absence of staphylococcus aureus. The napkin shall be tested for the presence of staphylococcus aureus in accordance with is 5887. (Part 2). | | | | | |
| | | 9. The manufacturer shall declare that all ingredients used in the product are safe for numan use based on its known toxicological charecteristics at intendid use. | | | | | |
| | | 10. Packaging type: at least 90% compostable pack, protecting package to product. | | | | | |
| | | 11. Packaging Size: Minimum 8 pads per pack. | | | | | |
| | | 12. Biodegradability or Composability requirements: At least 90% degrede within 6 months (testing is performed and comformed from recognized and approved laboratory). | | | | | |

दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीको नाम :

दरभाउपत्रदाताको दस्तखत :

फर्म/कम्पनीको छाप :

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहवी, सुनसरी स्था:२०७३

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

## कबुलियतनामा

मथि मैले/हामीले दिएको र भरेको व्यहोरा ठीक सांचो हो. । उक्त व्यहोरा फरक पर्ने छैन । फरक परेमा प्रचलित कानुन बमोजिम सजायको भागी हुन मेरा/हाम्रो पुर्ण रूपमा सहमती भएको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ ।

दरभाउपत्रदाताको पुरा नाम,थर :

हस्ताक्षर :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

सर्म्पक फोन नं. :

फयाक्स नं. :

दरभाउपत्रदाता फर्म/कम्पनीको नाम :

फर्मको स्थायी ठेगाना :

सर्म्पक फोन नं. :

फयाक्स नं. :

फर्म वा कम्पनीको छाप :

मिति :